प्रदेश सरकार

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

गण्डकी प्रदेश

पोखरा, नेपाल

## चक्लाबन्दी भएका जग्गामा यान्त्रिकीकरण सहयोग कार्यक्रम संचालन सम्वन्धी प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति: २०७७/०७/०५

यस मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रममा रहेको चक्लाबन्दी भएका जग्गामा यान्त्रिकीकरण सहयोग कार्यक्रमका लागि मन्त्रालयको अनुदान सहयोगमा वा मन्त्रालयले तोकेको मापदण्ड पुरा गरेर कम्तीमा पचास रोपनी जग्गामा चक्लाबन्दी गरी वार्षिक रुपमा कम्तीमा २ बाली खेती गरिरहेका इच्छुक कृषक, कृषि फर्म/कम्पनी, कृषक समूह तथा कृषि सहकारी संस्थाले यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र कार्यालय समयमा आवश्यक कागजात सहित मन्त्रालय वा जिल्लास्तरमा रहेका कृषि ज्ञान केन्द्रमा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। कार्यक्रम सम्बन्धी थप जानकारीका लागि मन्त्रालयको वेबसाईट www.molmac.gandaki.gov.np बाट **"बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७"** र **"चक्लाबन्दी भएका जग्गामा यान्त्रिकीकरण सहयोग कार्यक्रम संचालन मापदण्ड,२०७७"** डाउनलोड गरी हेर्न सकिनेछ।

**आवश्यक कागजातहरु:**

- कार्यविधिको अनुसूची-३ बमोजिमको निवेदन।
- मापदण्डमा उल्लेख भए बमोजिमको प्रस्ताव।
- कार्यविधिको दफा १६ को उपदफा (३) मा उल्लेखित कागजातहरु।
- समूह/सहकारीको हकमा बैठक निर्णयको प्रतिलिपि।
- अनुमति पत्र आवश्यक पर्ने कृषि यन्त्र माग गरिएको हकमा सम्बन्धित कृषि यन्त्र सञ्चालन गर्ने व्यक्तिको सञ्चालन अनुमति पत्र र नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
- कृषि यन्त्र सञ्चालन गर्ने व्यक्ति चक्लाबन्दीमा संलग्न सदस्यको एकाघरको व्यक्ति भएमा नाता प्रमाण सम्बन्धी कागजात।
- कृषि यन्त्र प्रयोग हुने जग्गा चक्लाबन्दी गरिएको हो भन्ने प्रमाण खुल्ने आवश्यक कागजात।

थप जानकारीका लागि सम्पर्क: ०६१-४६७७३८